# बैठक नं. ५

आज मिति २०७९ असार २८ गते मंगलबार दिनको ३:०० बजे यस कीर्तिपुर नगरपालिकाका नगर प्रमुख श्री राजकुमार नकर्मीज्युको अध्यक्षतामा, नगर कार्यपालिकाको बैठक, नगरपालिकाको सभाकक्षमा देहाय बमोजिमको उपस्थितिमा बसी निम्न बमोजिमका निर्णयहरु गरियो।

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष, प्रमुख | श्री राजकुमार नकर्मी | |
| २ | सदस्य, उपप्रमुख | श्री शुभलक्ष्मी शाक्य (सुनिता) | |
| ३ | सदस्य, अध्यक्ष वडा न. १ | श्री हिरालाल महर्जन | |
| ४ | सदस्य, अध्यक्ष वडा न. २ | ई. श्री रुपेश महर्जन | |
| ५ | सदस्य, अध्यक्ष वडा न. ३ | श्री सुबिन्द्र महर्जन | |
| ६ | सदस्य, अध्यक्ष वडा न. ४ | श्री श्यामकुमार अधिकारी | |
| ७ | सदस्य, अध्यक्ष वडा न. ५ | श्री राजेन्द्र कुमार महर्जन | |
| ८ | सदस्य, अध्यक्ष वडा न. ६ | श्री खीरमान सिंह बस्नेत(पृथ्वी) | |
| ९ | सदस्य, अध्यक्ष वडा न. ७ | श्री दिवाकर अधिकारी | |
| १० | सदस्य, अध्यक्ष वडा न. ८ | श्री सानु मैया महर्जन | |
| ११ | सदस्य, अध्यक्ष वडा न. ९ | श्री दिनेश श्रेष्ठ | |
| १२ | सदस्य, अध्यक्ष वडा न. १० | श्री नरेश महर्जन | |
| १३ | सदस्य | श्री हरेराम बोगटी | |
| १४ | सदस्य | श्री जमुना महर्जन | |
| १५ | सदस्य | श्री पवित्रा विष्ट | |
| १६ | सदस्य | श्री विमला थापा( कार्की) | |
| १७ | सदस्य | श्री राजिता गौतम महर्जन | |
| १८ | सदस्य | श्री राज्यलक्ष्मी श्रेष्ठ शाक्य | |
| १९ | सदस्य | श्री सुजाता सुनाम | |
| २० | सदस्य | श्री श्याम दानकोटी | |
| २१ | सदस्य सचिव | श्री राजेन्द्र कार्की | |
| आमन्त्रित व्यवस्थापन कर्मचारीहरु: | | | |
| १ | लेखा अधिकृत | श्री प्रविन कुमार शाही | |
| २ | वरिष्ठ अधिकृत सातौ | श्री जनक थापा | |
| ३ | ब.ई. | श्री कृष्ण भोला महर्जन | |
| ४ | ब.लेखा अधिकृत | श्री नरेन्द्र महर्जन | |

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| ५ | सूचना प्रविधि अधिकृत | श्री परशुराम चौलागाई | |
| ६ | नगर प्रमुखको सचिवालय | श्री राजकपुर श्रेष्ठ | |

**विषयवस्तुहरु**

१) छानबिन समितिको प्रतिबेदन सम्बन्धमा

२) क्षतिपुर्ति सम्बन्धमा

३) स्थानीय भू - उपयोग परिषद् सम्बन्धमा

४) शोक प्रस्ताव सम्वन्धमा

५) विविध

**निर्णय नं. १**

२०७९ असार ३ गते कार्यपालिकाको दोस्रो बैठकको निर्णय नं. ५ बाट कीर्तिपुर खेलमैदान — आरसिसि रिटेनिङ्ग वाल निर्माण योजना अन्तरगत निर्माण भएको आरसिसि रिटेनिङ्ग वाल भत्केको विषयमा सत्यतथ्य छानविन गर्नका लागि गठित समितिले समयमा नै प्रतिवेदन पेश गरेकोमा धन्यवाद दिदै सो समितिबाट पेश भएको प्रतिवेदन उपर बृहत छलफल गरी निर्माण कार्यमा संलग्न भएका निर्माण व्यवसायी, उपभोक्ता समितिहरुका पदाधिकारीहरु, डिजाईनर, अनुगमन समितिका पदाधिकारी र संलग्न प्राविधिक कर्मचारीहरुलाई बोलाएर छानविन समितिको प्रतिवेदन उपर मिति २०७९ साल असार ३१ गते शुक्रवार छलफल गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

मिति २०७९/०३/२१ गते शुक्रवार बसेको नगर स्तरिय विपद् व्यवस्थापन समितिको निर्णयबाट सिफारिस भई पेश भएको वडा नं. २ स्थित सरस्वती मन्दिरको पर्खाल भत्किई श्री देवमाया महर्जनको घरलाई क्षती पुऱ्याएकोमा सो समितिबाट सिफारिस भै आएको क्षती मुल्यांकन रकम रु. ७४४,०००/- को ७५% राहत उपलब्ध गराउने निर्णय गरियो । उक्त निर्माण योजनामा संलग्न उपभोक्ता समितिका पदाधिकारीहरु र प्राविधिक कर्मचारीहरुलाई छलफलमा बोलाउने समेत निर्णय गरियो ।

**निर्णय नं. ३**

भू-उपयोग ऐन, २०७६ तथा नियमावली २०७९ बमोजिम स्थानीय भू — उपयोग परिषद् सम्बन्धी यस पालिकाको भू-उपयोग क्षेत्र वर्गिकरण तथा नक्सांकन गरि जग्गा वर्गिकरण गर्नका लागि स्थानीय भू- उपयोग परिषद्को अधिकार तपशिल बमोजिमको समितिलाई अख्तियारी प्रदान गर्ने र सो समितिले अध्ययन गरि सम्बन्धित निकायहरुमा सिफारिस गर्ने निर्णय गरियो । साथै, समितिले नापी, मालपोतका प्रतिनिधीहरु र सो सम्बन्धी विज्ञलाई समेत आमन्त्रण गर्न सक्नेछ ।

क) नगर प्रमुख - संयोजक

ख) उप — प्रमुख - सदस्य

ग) वडा नं. ४, वडा अध्यक्ष - सदस्य

घ) वडा नं. ६, वडा अध्यक्ष - सदस्य

ङ) ई. सुरज ओझा - सदस्य सचिव

Scanned with CamScanner

निर्णय नं. ४

यस नगरपालिकाबाट विगतमा कर्मचारीहरुलाई उपलब्ध गराउदै आएका ईन्धन, सवारी साधन मर्मत र कार्यालयको खाजा खर्चका विषयमा पुनरावलोकन गर्न आवश्यक देखिएकोले अर्को मापदण्ड तयार भई लागु नभएसम्मका लागि स्थगित गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

गत २०७९ असार ९ गते बिहिबार सम्पन्न नगर कार्यपालिकाको चौथो बैठकको निर्णय कार्यान्वयन तथा कार्यालयको समग्र सेवा प्रवाहको स्थितिका सम्वन्धमा समीक्षा गरियो ।

निर्णय नं. ६

विगत २०५४ सालदेखि हालसम्म अविछिन्न रुपमा यस नगरपालिकामा कार्यरत- कार्यालय सहयोगी भाईराम महर्जनको ५१ वर्षको उमेरमा कार्यालयको काममा खटिएकै अवस्थामा अस्वस्थ भई अस्पताल भर्ना हुनु भएकोमा उपचारका क्रममा २०७९/०३/२५ गते शनिबारका दिन असामयिक निधन भएको हुदाँ गहिरो दुःख व्यक्त गर्दै हार्दिक श्रदान्जली अर्पण गरि शोक प्रस्ताव पारित गर्ने निर्णय गरियो । साथै, निजको मृत्युमा शोक मनाउन मिति २०७९/०३/२७ गते सोमबार नगरपालिका र अन्तरगतका कार्यालयहरुमा बिदा गरिएको व्यहोरा कार्यपालिकालाई अवगत भई उक्त विदा अनुमोदन गरियो ।

Scanned with CamScanner